नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोभिड-१९ को सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई विभिन्न दात्री निकाय/ सहयोगी निकायहरुले प्रदान गर्ने सहायता सामाग्री सम्बन्धि न्युनतम मापदण्ड,२०७७

(स्वीकृत मितिः २०७७ जेष्ठ २३ गते; मा. मन्त्रीस्तर निर्णयबाट स्वीकृत)

१. **सहायता सामाग्रीको गुणस्तर:** सहयोग स्वरूप प्रदान गरिने सहायता सामाग्री नेपाल सरकारको गुणस्तर नियामक निकाय (गुणस्तर तथा नाप तौल बिभाग, औषधि ब्यबस्था बिभाग) वाट गुणस्तार प्रमाणित भएको हुनुपर्नेछ ।नेपाल भित्रको गुणस्तर नियामक निकायले गुणस्तर प्रमाणित गर्न नसक्ने अवस्थामा उत्पादक देशको गुणस्तर नियामक निकायले गुणस्तर प्रमाणित गरेको हुनुपर्नेछ ।

२. **सहायता सामाग्रीको पूर्णता:** सहायता सामाग्री प्रदान गर्ने निकायले जुन प्रयोजनको लागि सहायता प्रदान गर्ने हो, सो को लागि आवश्यक पर्ने सम्पूर्ण Accessories समेत संलग्न गरी एकमुष्ट सेटको रुपमा प्रदान गरेको सामग्री मात्र स्वीकार गरिनेछ । जस्तैः PCR टेस्ट किट संग RNA Extracter र VTM समेतको किट, PPE सेट भित्रः मास्क, क्याप, एप्रोन, ग्लोव्स, बुट, कभर, गगल्स समाबेश भएको पूर्ण सेट ।

३. **सहायता सामाग्रीको मर्मत सम्भार:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाइ प्रदान गरिने सहायता सामाग्रिको वारेन्टी अवधि भित्रको Repair, Maintenance तथा संचालन सम्बन्धि निर्देशिका/Users Mannual जस्ता सन्दर्भ सामाग्रीहरु, सहायता सामाग्री प्रयोग गर्ने अस्पतालको सम्बन्धित कर्मचारीलाई उक्त सामग्री संचालन, मर्मत सम्भार सम्बन्धि अभिमुखिकरण प्रदान गर्ने प्रतिबद्धता हुनु पर्नेछ ।नेपाल भित्र मर्मत सम्भार गर्न नसकिने सामाग्री भएमा सामाग्रीको वारेन्टी अवधि भित्रको मर्मत सम्भार कार्य सहयोगी निकायले नै गराउनु पर्नेछ ।

४. **सहायता सामाग्रीको उपयोग:** सहयोगी निकायले प्रदान गरेको स्वास्थ्य सहायता सामाग्री स्वास्थ्य सेवा विभागले आवश्यकताको आधारमा अस्पताल/स्वास्थ्य संस्थाहरुमा वितरण गरी प्रयोगमा ल्याउनेछ, सहयोगी निकायले एक द्वार प्रणाली मार्फत सहायता सामग्री उपलब्ध गराउनु पर्नेछ ।

५. **सहायता सामाग्रीको मात्रा (Quantity):** नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रदान गरिने सहायता सामाग्रीको न्युनतम मूल्य रु. ५००००० (पाँच लाख) बारबर हुनुपर्नेछ ।

६. **भन्सार छूट तथा अन्य समन्वय:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहायता स्वरूप प्रदान गरिने स्वास्थ्य सामाग्रीको मूल्य खुलेको इन्भोइसको प्रतिलिपि समेत संलग्न गरी मन्त्रालयमा निबेदन पेश गरेमा भन्सार महशुल छुटको लागि भन्सार बिभागसंग र अन्य सरोकारवालासंग समेत आवश्यक समन्वयको कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं